ईमेलः info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com
वेवसाईटः www.shuklaphantamun.gov.np

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झलारी, कञ्चनपुर
**सुदूरपश्चिम प्रदेश, नेपाल**

मितिः २०७८/०१/०८

**सूचना । सूचना ।। सूचना ।।।**

हालैका दिनमा कोभिड -१९ को संक्रमण पुनः बढ्दो अवस्थामा रहेको र त्यसवाट बिशेषतः बिद्यालय जाने उमेर समूहका बिद्यार्थीहरुमा संक्रमण फैलिन सक्ने भनी व्यक्त भएका चिन्ता र चासो प्रति नगरपालिका गम्भिर रहेको छ । सोही सम्बन्धमा आवश्यक छलफल गर्न यस नगरपालिका भित्रका सवै सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको वैठक नगरप्रमुख श्री दिलबहादुर ऐर ज्यूको संयोजकत्वमा मिति २०७८/०१/०६ गते वसी नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहवाट जारी गरिएका जनस्वास्थ्य सम्बन्धी मापदण्ड एवं विद्यालय संचालन सम्बन्धी कार्यढाँचा २०७७ मा व्यवस्था भए बमोजिमका प्रावधानहरुको पालना गर्ने गरी हाललाई पठनपाठन सम्बन्धी क्रियाकलापलाई निरन्तरता दिने निर्णय भएकाले सोही अनुसार हुन र नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७८/०१/०३ को प्रेस विज्ञप्तीमा उल्लेखित निर्देशन समेत अनुशरण गर्न हुन तथा संघीय तथा प्रदेश सरकारवाट यस सम्बन्धमा थप कुनै निर्णय र निर्देशन भइआएमा सोही अनुसार हुने ब्यहोरा सम्बधित सवै सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(टिकेन्द्रराज भट्ट)
निमित्त प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्याः-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०७८/०१/०३

## प्रेस विज्ञप्ति

हालैका दिनमा कोभिड-१९ को संक्रमण पुनः बढ्दो अवस्थामा रहेको र त्यसवाट विशेषतः विद्यालय जाने उमेर समूहका विद्यार्थीहरूमा संक्रमण फैलिन सक्ने भनी व्यक्त भएका चिन्ता र चासो प्रति मन्त्रालय गम्भिर रहेको छ । यस सम्वन्धमा गत चैत्र ३० गते सरोकारवालासँग भएको अन्तरक्रियामा प्राप्त सुझावहरू समेतका आधारमा आज मिति २०७८।०१।०३ गते माननीय मन्त्री कृष्णगोपाल श्रेष्ठज्यूको उपस्थितमा पछिल्लो वस्तुस्थितिको समीक्षा गरियो । विद्यमान अवस्थामा शिक्षण संस्थामा अनावश्यक भय त्रास सिर्जना गर्न नहुनेमा सबै पक्ष सचेत रहनु पर्ने अवस्थालाई दृष्टिगत गर्दै स्वास्थ्य सम्वेदनशीलतालाई ख्याल गरी थप सजगता अपनाउनु सबैको कर्तव्य रहेकोले नेपाल सरकारवाट थप निर्णय वा निर्देशन नभएसम्म तपसिल अनुसार गर्नु गराउनुहुन सम्वन्धित सबैको लागि हार्दिक अनुरोध गरिएको छः

१) सबै प्रकारका शिक्षण संस्थाहरूले स्वास्थ्य तथा जनसंङ्ख्या मन्त्रालयले तय गरेका जनस्वास्थ्य सम्वन्धी मापदण्डका साथै प्रदेश सरकार र स्थानीय तहवाट तय गरिएका थप मापदण्डको पनि पालन गर्नु गराउनु हुन तथा शिक्षण संस्थाहरूमा मास्क तथा स्यानिटाइजरको अनिवार्य प्रयोग गर्ने, सावुन पानीले हात धुने र व्यक्तिमा संक्रमणको लक्षण पाइएमा तत्काल आइसोलेसनमा राखी नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने व्यवस्थालाई प्रभावकारी वनाउनु हुन ।

२) शिक्षण संस्थाहरू सञ्चालन गर्दा भीडभाड नहुने गरी विद्यार्थीको संख्या एवम् संस्थाको मौजुदा पूर्वाधार एवम् संस्था रहेको स्थान विशेषको संक्रमणको पछिल्लो अवस्था समेतलाई विचार गरी स्थानीय तहसँग समन्वय एवम् परामर्श गरी आलोपालो सिफ्ट वा उपयुक्त विधि अपनाइ सम्वन्धित संस्थाले सिकाइ कृयाकलाप सञ्चालन गर्ने व्यवस्था मिलाउनु हुन । तत्कालका लागि परिस्थिति असहज रहेसम्म शिक्षण संस्थाभित्र सभा, समारोह, वार्षिक उत्सव जस्ता भीडभाड हुने कुनै पनि कार्यक्रमको आयोजना नगर्नु, नगराउनुहुनका साथै विद्यालय सञ्चालन गर्दा मन्त्रालयवाट जारी भएको **विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा,** २०७७ को अनुशरण गर्नुहुन ।

३) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमण फैलिएको वा संक्रमणको जोखिम उच्च भएको भनी पहिचान गरेका जिल्ला, शहर वा स्थान विशेषको हकमा जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (डिसिसिएमसी) को समन्वयमा सम्वन्धित स्थानीय तहको निर्णय बमोजिम त्यस्ता विद्यालयहरू वन्द वा तोकिएबमोजिम सञ्चालन गर्नुहुन र वन्द गरिएका विद्यालयहरू पुनः सञ्चालन गर्दा **विद्यालय सञ्चालन सम्वन्धी कार्यढाँचा,** २०७७ मा तोकिएका विधि तथा प्रकृयाहरूको पालना गर्नुहुनका साथै विद्यालयहरू वन्द वा आंशिक रूपमा सञ्चालन भएको अवस्थामा **विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,** २०७७ ले गरेको व्यवस्था बमोजिम सिकाइ क्रियाकलापहरूलाई निरन्तरता दिनुहुन ।

०७८।१।३

(दीपक शर्मा)
सहसचिव एवम् प्रवक्ता